संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-१

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:०० बजे

बैठक अन्त्य : २:१० बजे

२०७९ पुस २५, सोमबार

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको पहिलो बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको तेह्रौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका माननीय सदस्यहरूलाई स्वागत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

"मितिः २०७९ पुस १२

सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरबार, काठमाडौं ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्बत् २०७९ साल पुस २५ गते सोमबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संघीय संसदको दुबै सनको अधिवेशन आह्वान गरेको छु ।

(विद्यादेवी भण्डारी)"

तत्पश्चात् सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न एक मिनेट उठेर मौनधारण गर्‍यो।

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विभिन्न मितिमा प्राप्त हुन आएका देहायबमोजिमका पत्रहरू सभालाई जानकारी गराउनुभयो:

**"विषयः प्रधानमन्त्री पदमा नियुक्ति।**

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ कफ उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०७९/९/१० गते नियुक्त गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)

सचिव

मितिः २०७९/९/१०"

**"विषयः मन्त्रिपरिषद्‌को गठन सम्बन्धमा ।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/९/११ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजनसमेत गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति; उर्जा जलस्रोत तथा सिँचाई; कानुन, न्याय तथा संसदीय मामिला; कृषि तथा पशुपंक्षी विकास; खानेपानी; परराष्ट्र; भूमी व्यवस्था, सहरकारी तथा गरिबी निवारण; महिला, बालबालिका तथा खेलकुद, रक्षा, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि; श्रम, रोजगार तथा सामाजिक सुरक्षा; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मिमिला तथा सामान्य प्रशासन, सञ्चार तथा सूचना प्रविधि; सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या । |
| २. | श्री विष्णु प्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ। |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात । |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह |
| ५. | श्री ज्वाला कुमारी साह | मन्त्री | कार्यभार पछि तोकिने । |
| ६. | श्री दामोदर भण्डारी | मन्त्री | कार्यभार पछि तोकिने । |
| ७. | श्री राजेन्द्र कुमार राई | मन्त्री | कार्यभार पछि तोकिने । |
| ८. | श्री अब्दुल खान | मन्त्री | कार्यभार पछि तोकिने । |

(यादवप्रसाद कोइराला)

सचिव

मितिः २०७९/९/१२"

त्यसलगत्तै सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको तेह्रौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको जानकारी गराउनुहुँदै प्राप्त नामावली अनुसार देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. माननीय उर्मिला अर्याल
२. माननीय रमेशजंग रायमाझी
३. माननीय देवेन्द्र दाहाल
४. माननीय डा. बेदुराम भुसाल
५. माननीय प्रमिला कुमारी
६. माननीय शेखर कुमार सिंह
७. माननीय तुल प्रसाद विश्वकर्मा

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभा र राष्ट्रिय सभाका पूर्व सदस्य मैया देवी श्रेष्ठ, संविधानसभा सदस्यद्वय बालकृष्ण ढुङ्गेल र झुल बहादुर आलेको निधन भएकोमा देहाय बमोजिम शोक प्रस्तावहरू प्रस्तुत गर्नुभयोः

**शोक प्रस्ताव**

क) "वि.सं. १९८५ सालमा जन्मनु भएका पूर्व सांसद मैया दैवी श्रेष्ठको मिति २०७९ साल कात्तिक ६ गते निधन भएकोमा राष्ट्रिय साभको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय श्रेष्ठ नेपाली काँग्रेस पार्टीबाट २०४८ सालको प्रतिनिधि सभा निर्वाचनमा गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित सदस्य तथा वि.सं. २०५६ सालमा राष्ट्रिय सभाको सदस्य एवम् पुनःस्थापित प्रतिनिधि सभाको सदस्य हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय मैयादेवी श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।"

ख) "२०६४ सालको संविधान सभा सदस्य बालकृष्ण ढुङ्गेल मिति २०७९ साल कात्तिक २२ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

२०२७ साल बैशाख २४ गते ओखलढुङ्गामा जन्मनुभएको स्व. ढुङ्गेल तत्कालीन नेकपा (माओवादी) पार्टीको तर्फबाट २०६४ सालको संविधान सभाको सदस्य हुनुहुन्थ्यो भने पछिल्लो समय नेकपा (एमाले) को पोलिटव्युरो सदस्य हुनुहुन्थ्यो ।"

यो बैठक स्वर्गीय बालकृष्ण ढुङ्गेलप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदन प्रकट गर्दछ ।

ग) "२०७० सालको संविधान सभा सदस्य झुल बहादुर आलेको मिति २०७९ साल मंसिर ९ गते उपचारको क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

२००७ साल माघ १२ गते तनहुँमा जन्मनुभएका स्व. आले संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो ।"

यो बैठक स्वर्गीय झुल बहादुर आलेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

तदुपरान्त सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावहरूलाई पारित गरिदिनहुन अनुरोध गर्नुहुँदा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित भयो ।

त्यस लगत्तै सभाले स्व. मैया देवी श्रेष्ठ, स्व. बालकृष्ण ढुङ्गेल र स्व. झुल बहादुर आलेको आत्माको चीर शान्तिका लागि उठेर एक मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०७९ साल पुस २९ गते शुक्रबार अपराह्न १:०१ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव